# सहकारी संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७५

रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रत्ननगर, चितवन

प्रदेश नं ३, नेपाल

## रत्ननगर नगरपालिकाको सहकारी संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५

प्रस्तावना :

सहकारी संस्था सर्म्बन्धि प्रचलित सहकारी सम्बन्धी कानुन, सहकारीको अन्तर्राष्ट्रिय मूल्य र सिद्धान्तहरुको अनुसरण गर्दै देशको आर्थिक विकासमा सरकार तथा निजी क्षेत्र सरहको भूमिका निर्वाह गर्न सक्षम बन्न सकुन भन्ने उद्देश्यले रत्ननगर नगरपालिका सरकारी ऐन,"२०७५ बमोजिम सहकारी संस्थाले गर्ने वित्तिय कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गर्न रत्ननगर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ बमोजिम् नगर कार्यपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

१) यो मापदण्डको नाम रत्ननगर नगरपालिकाको सहकारी संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ रहेको छ।

२) यो मापदण्ड नगर कार्यपालिका बैठकले निर्णय गरेका मिति देखि सहकारी संघ/संस्था लागि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "ऐन" भन्नाले रत्ननगर नगरपालिकाले सहकारी ऐन, २०७५ लाई जनाउनेछ।

ख) "मापदण्ड" भन्नाले सहकारी संघ/संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ लाई जनाउनेछ।

ग) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्था विनियमलाई जनाउनेछ।

घ) "संघ" भन्नाले सहकारी संस्थाहरुको छाता संगठनहरु जिल्ला सहकारी संघहरु, विषयगत जिल्ला सहकारी संघहरु, विषयगत केन्द्रीय सहकारी संघ समेतलाई जनाउनेछ।

ङ) "संस्था" भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ।

च) "सधारण सभा" भन्नाले सहकारी संस्था नियमित वार्षिक साधारण सभालाई जनाउनेछ।

छ) "समिति" भन्नाले सहकारी संस्था वा संघको संचालक समितिलाई जनाउनेछ।

ज) "सदस्य" भन्नाले सहकारी संस्था वा संघको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्ति वा ऐन ले निर्देशीत संस्था /संगठन समेत जनाउनेछ।

झ) "व्यावसायिक इकाई" भन्नाले सहकारी संस्थाहरु एक आपसमा मिली कुनै सामुहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरुको व्यावसायिक इकाईलाई जनाउनेछ।

ञ) "पुंजी कोष" भन्नाले संस्था प्राथमिक पुंजी र पूरक पुँजीको योज सम्झनु पर्छ र सो शब्दले नगरले समय समयमा पूंजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ।

ट) "प्राथमिक पूंजी कोष भन्नाले संस्था अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, डुवन्त ऋण कोष, कर्जा जोखिम कोष, स्थीरिकरण कोष तथा बाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ।

ठ) "पुरक पूंजी कोष" भन्नाले संस्थाको शेयर पूंजी र जगेडा कोष रकमलाई जनाउनेछ।

ड) "कार्यविधि" भन्नाले सहकारी संस्था कार्यविधि वा यस अघि प्रयोगमा ल्याइएको बचत तथा ऋण परिचालन नीतिलाई समेत जनाउनेछ।

ढ) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्था लाई सदस्यता विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ।

ण) "एकाघर परिवार" भन्नाले छुट्टी भित्र नभै एक घर परिवारमा बसेका बाबु, आमा, दाजु, भाई, दिदी, बहिनी, पति, पत्नि, छोरा, बुहारी, धर्म पुत्र, धर्म पुत्रिलाई जनाउनेछ। सो शब्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा निजमा आश्रित व्यक्ति समेतलाई जनाउनेछ।

त) "शेयर पुंजी" भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पूंजीलाइ जनाउनेछ।

नारायण बन
नगर प्रमुख

७) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नगरी सहकारी संस्था वा सदस्यहरुको नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई समेतलाई जनाउनेछ।

८) "लक्षित समुदाय" भन्नाले मानव विकास सूचकांकमा पछि रहेका महिला, दलित, मुस्लिम, जनजाति, शारिरिक रुपमा कम सक्षम, भूमिहीन किसान, सुकुम्वासी, मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरु र गरिबीको रेखामुनि रहेका अन्य समुदायहलाई समेत जनाउनेछ।

## ३. शेयर पुँजी सम्बन्धी मापदण्ड :

१) संस्थाले जारी गर्ने कूल शेयरपुँजीको रकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ।

२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयर पुँजी उल्लेख गर्नु पर्नेछ।

३) प्रस्तावित सदस्यहरुले खरीद गरेको शेयर पूँजीको नामनामेशी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ।

४) संस्था दर्ताको बेला चुक्ता शेयर पूँजीको रकम कूल शेयर पूँजीको कम्तिमा २० प्रतिशत हुनुपर्नेछ।

५) साधारण सभाबाट बहुमतले विनियम संसोधन सहितको निर्णयले मात्र शेयर पूँजी बृद्धि गर्न सकिनेछ। आकस्मिक अवस्थामा शेयर पूँजी बृद्धिको निर्णय कार्यालयको स्वीकृती लिएर मात्र संचालक समिति को निर्णय मार्फत गराउनु पर्नेछ।

## ४. शेयर खरीद र अन्य सहकारीमा लगानी

१) एउटा प्रारम्भिक सहकारी संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्न वा सो सँग बचत तथा ऋणको कारोबार गर्न पाउने छैनन्।

२) यो मापदण्ड जारी हुनु अघि गरिएको अन्य निजी व्यवसाय बा कम्पनी वा फर्ममा गरिएका लगानी यो सहकारी ऐनले तोकेको समय भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ। यो मापदण्ड जारी भएपछि कुनै निजी व्यवसाय वा व्यापारिक फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन। यस मापदण्ड विपरीत गरिएको शेयर तथा ऋण लगानी संचालकहरुबाट असुल उपर गराई संस्थाको कोषमा दाखिला गर्न लगाइनेछ।

३) आफू सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी बैंक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन। विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ।

## ५. संचालक र लेखा समितिको गठन

१) एकै परिवारबाट एक भन्दा बढी व्यक्ति एउटै संस्थाको संचालक वा लेखा समितिको कुनै पदका लागि निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

२) संस्थाहरुमा सचिवालय गठन गर्न पाइनेछैन।

३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्नु बुझाउनु पर्ने अन्य रकम नबुझाएसम्म र बैंक तथा वित्तिय संस्थाबाट कर्जा लिई कालो सूचिमा परेका व्यक्ति संचालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन।

४) संचालक समितिले आफ्नो पदावधि समाप्त हुनु अगावै नयाँ समितिको लागि निर्वाचन गराउनु पर्नेछ।

५) कुनै पनि व्यक्ति रत्ननगर नगरपालिका भित्रका एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन्। उजुरीका आधारमा रत्ननगर नगरपालिकाले दोहोरो सदस्यता खारेज गर्न निर्देशन गर्नेछ।

६) संस्थाको संचालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा सदस्यले आफ्नो नाम कालो सूचिमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिल नगरेको, र आफू सोही प्रकृतिको अन्य संस्थाको संचालक वा लेखा समितिको पदाधिकारी नरहेको भनी मनोनयन पत्रमा उल्लेख गर्नु पर्नेछ।

नारायण बन
नगर प्रमुख

७) संस्थाको विनियममा संचालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यहरुका बीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाइने छैन । तर यस व्यवस्थावाट संस्थाको संचालक समितिको दोस्रो कार्यकाल देखी एक कार्यकाल सम्म निरन्तर रुपमा संस्थाको सदस्य रही आर्थिक कारोवारमा संलग्न रहेको व्यक्ति हुनु पर्ने व्यवस्था गर्न तथा पछाडी परेका महिला वा निश्चित समुदायका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरिएको विशेष व्यवस्था अन्तर्गतका पदहरुमा सोही लिंग वा समुदायका व्यक्तिहरुले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन ।

८) एक व्यक्ति समान स्तरको कुनै एक संस्थाको समितिको मात्र पदाधिकारी भई काम गर्न सक्नेछन् ।

९) कर्मचारीहरुको सहभागितामा कर्मचारीहरु मात्र सदस्य हुन पाउने गरी संचालनमा रहेका संस्था वाहेक अन्य संस्थाको समितिको कुनै पनि पदको निर्वाचनमा वहालवाला निजामति कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीहरु उम्मेदवार हुन पाउने छैनन । तर यस प्रावधानले सरकारको लगानी वा सम्पत्तिको उपयोगका कारणवाट संचालक समितिमा पदेन संचालकको भूमिका निर्वाह गर्न यस व्यवस्थाले वहालवाला निजामति कर्मचारीलाई कुनै वाधा पुग्ने छैन ।

१०) संचालक समितिको अध्यक्ष वा अन्य पदहरुमा उम्मेदवार हुने व्यक्ति संस्थाको संचालक समितिको एक कार्यकाल सम्म निरन्तर शेयर सदस्य रही सदस्यको दायित्व निर्वाह गरेको व्यक्ति हुनु पर्नेछ ।

६. **संचालक समितिको काम तथा कर्तव्य** : विनियममा गरिएको व्यवस्था अन्तर्गत वा वाहेक देहायका जिम्मेवारी वहन गर्ने दायित्व समितिको हुनेछ ।

१. संस्था वा संघ वा बैंकको वचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा संचालकहरुको हुनेछ । तर वरबुझारथ नगरेको अवस्था सम्म संस्था वा संघको सम्पत्ति र दायित्व सम्बन्धि जिम्मेवारी अघिल्लो संचालकहरुले समेत वहन गर्नु पर्नेछ । बरबुझारथ भए गरेकोमा सोही वमोजिमको दायित्व निर्वाह गर्नु पर्नेछ ।

२) वचत तथा ऋणको कारोवार गर्ने संघ संस्थाले साधारण सभाको स्वीकृतिमा बनेको वचत तथा ऋण नीतिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरे देखी वाहेक ऋण उपसमितिको सिफारिसमा मात्र संचालक समितिले ऋण लगानी गर्नु पर्नेछ । ऋण प्रवाहमा प्रक्रियागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्वन्धित निर्णय गर्ने अधिकारी र प्राविधिक रुपले सिफारिस गर्ने कर्मचारी एवं सामूहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नु पर्नेछ ।

३) निर्वाचन भएको १५ दिन भित्र निर्धारित ढाँचामा संस्था वा संघका संचालक समिति र लेखा समितिको पदाधिकारीको हालसालै खिचिएको फोटो सहित तिन पुस्ते नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन र पत्राचारको ठेगानां खुल्ने विवरण, एवं नागरिकताको प्रतिलिपि रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) प्रारम्भिक संस्थाको संचालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिले निर्णय पुस्तिका सुरक्षित साथ संघ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमुख व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकले निर्णयका बारेमा संचालकहरु जिम्मेवार हुनेछन ।

५) संचालक र प्रमुख व्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्वन्धी नियमावली र स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुविधा प्रचलन वा संस्था वा संघ वा बैंकको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजनका लागि कार्यालय वा विभागले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

६) समयमै लेखा परीक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व संचालक समितिको हुनेछ । पदावधि समाप्त हुनु कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने कामको दायित्व हुनेछ ।

नारायण वन
नगर प्रमुख

७) शेयर सदस्यता दिने नदिने अधिकार समितिको हुनेछ । सदस्यता दिदा प्रस्तावित सदस्यको विस्तृत विवरण लिई अभिलेख राख्नु पर्ने अन्तिम दायित्व समितिको हुनेछ । विनियममा भएको व्यवस्था वमोजिम सदस्यको उत्तरदायित्व निर्वाह नगरेको आधारमा समितिले प्रक्रियां पुरा गरी सदस्यता खारेज गर्न सक्नेछ । समितिले गरेको निर्णय चित्त नबुझेमा ३० दिन भित्र समिति मार्फत साधारण सभामा पुनरावेदन गर्न सकिनेछ । सदस्यता खारेज सम्बन्धी अन्तिम निर्णय पुनरावेदनका लागि निवेदन दिए पछि वस्ने साधारण सभाले गर्नेछ । पुनरावेदन सम्वन्धी निवेदन साधारण सभामा पेश गर्ने दायित्व समितिको अध्यक्षको हुनेछ ।

८) कुनै सदस्यले सदस्यता छाड्न चाहेमा ६० दिन अघि लिखित रुपमा समितिसँग माग गर्नुपर्नेछ । संचालक समितिले बैठकबाट निर्णय गरी त्यस्तो सदस्यको सम्पत्ति र दायित्व यकिन गरी शेयर रकम फिर्ता गर्नु पर्नेछ । संचालक समितिले शेयर रकम फिर्ता नगरेमा सो को पुनरावेदन सुन्ने निकाय साधारण सभा हुनेछ । तर रकम भुक्तानी गर्न बाधा नपर्ने भएमा कुनै सदस्य लाई तत्कालै रकमको आवश्यकता पर्न गएको खण्डमा संचालक समितीले तत्काले निर्णय गर्न सक्नेछ ।

**७. लेखा सुपरिबेक्षण समितिको गठन र दायित्व :**

१) संस्थाको लेखा सुपरिबेक्षण समिति एक जना संयोजक सहित ३ सदस्यीय हुनेछ । सदस्य निर्वाचित गर्दा कम्तिमा १ जना सदस्य लेखाको ज्ञान भएको व्यक्ति हुनु पर्नेछ ।

२) लेखा सुपरिवेक्षण समितिको गठन शेयर सदस्यहरुले निर्वाचनबाट गर्नेछन् ।

३) संस्थाको अध्यक्ष र कार्यकारी प्रमुखसँग एकाघरको नाता सम्वन्ध रहेको शेयर सदस्य लेखा समितिका संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीले अध्यक्षसँगको आफ्नो नाता सम्वन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा संचालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

४) प्रत्येक संस्था वा संघ वा बैंकको लेखा समितिले देहायका विषयमा परीक्षण गरी अनिवार्य रुपमा बार्षिक प्रतिवेदन साधारण सभा र सोको एक प्रति सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

   क) व्यवस्थापन परीक्षण (खास गरी कर्मचारी व्यवस्थापन र सम्पत्तिको उचित प्रयोग र संरक्षणका बारेमा ।
   ख) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था ।
   ग) संचालक समितिको बैठक, निर्णय र कार्यान्वयनको नियमितता ।
   घ) बचत तथा ऋणको कारोबार गर्ने संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था ।
   ङ) शेयर सदस्यहरुलाई नियमानुसार दिईएको मुनाफा र अन्य थप सुविधाहरु ।
   च) कार्यालय, विभाग वा सम्वन्धित संघहरुले अनुगमन निरीक्षण गर्दा देखाईएको कैफियत र सुझावहरुको कार्यान्वयनको अवस्था ।
   छ) संस्था वा संघ वा बैंकको पदाधिकारी र प्रमुख कार्यकारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्वन्धी विवरण ।
   ज) कर्मचारी भर्ना प्रक्रिया ।
   झ) लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरु ।

५) लेखा सुपरिवेक्षण समितिले मासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

६) लेखा समितिको वार्षिक प्रतिवेदन नियमित वार्षिक साधारण सभा वस्नु भन्दा कम्तिमा १५ दिन अगाडि संचालक समितिमा पेश गर्नु पर्नेछ । संचालक समितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

७) लेखा समितिको प्रतिवेदनहरु लेखापरीक्षकलाई लेखापरिक्षण गर्नु अघि नै उपलब्ध गराउनु पर्नेछ ।

८) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी संचालक समितिका अध्यक्ष वा कार्यकारी प्रमुख मार्फत समितिमा पेश गर्नु पर्नेछ ।

नारायण वन
नगर प्रमुख

९. प्राप्त प्रतिवेदन बारे संचालक समितिलाई स्पष्ट पार्न संचालक समितिको वैठकमा लेखा सुपरिवेक्षण समितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

१०। अनुगमनको क्रममा लेखा समितिले आफ्नो दायित्व वहन गर्न नसकेको वा नगरेको पाइएमा वा सदस्यहरुले निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले तत्काल अर्को लेखा सुपरिवेक्षण समिति गठनका लागि विशेष साधारण सभा वोलाउन निर्देशन दिन सक्नेछ ।

८. साधारण सभा

१) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र सम्वन्धित संघ संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोवारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए संचालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण समेत तोकिएको ढाँचामा सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

२) साधारण सभाको सूचना प्रशारणमा देहायका प्रक्रियाहरु पुरा गर्नु संघ/संस्थाको कर्तव्य हुनेछ ।

क) साधारण सभा वस्ने सूचना कम्तिमा १५ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

ख) विशेष साधारण सभाको सूचना कम्तिमा ७ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

ग) सूचनाका लागि सबै सदस्यहरुले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ ।

घ) प्रकाशित वा प्रशारित सूचनाको जानकारी सम्वन्धित कार्यालयलाई सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र छिटो साधन द्वारा गराउनु पर्नेछ ।

ङ) सूचनामा सभा वस्ने स्थान, मिति, समय, र सभामा प्रस्तुत हुने प्रमुख विषयहरु समावेश गर्नु पर्नेछ ।

च) नयाँ संचालक समिति र लेखा सुपरिवेक्षण समिति वा रिक्त पदहरुमा निर्वाचन गर्नु पर्ने भए निर्वाचन सम्बन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नेछ ।

ञ) सभा वस्ने स्थान संस्थाको कार्यक्षेत्र भित्रको कार्यालय परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ ।

ट) साधारण सभा संचालन भड्किलो र खर्चिलो रुपमा गरेको पाइएमा सम्वन्धित नगरकार्यपालिका कार्यालयले सचेत गराउन सक्नेछ । सभामा गरिने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा वजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिवाट पूर्व निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

३) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा कार्यालयले प्रतिनिधि खटाउन सक्नेछ ।

९. निक्षेप संकलन तथा ऋण प्रवाहको सीमा :

१) संस्थाले निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सीमित गर्नु पर्नेछ । तरसामाजिक तथा सँगठित गैर नाफामुलक संघ संस्थाहरुको वचत निक्षेप स्वीकार गर्न यस प्रावधानले वाधा पुऱ्याएको मानिने छैन ।

२) संकलित निक्षेप रकम सदस्यहरुलाई ऋण प्रवाह गर्ने काम वाहेकको प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

३) संस्था वैंकहरुमा खाता खोलेको र वन्द गरेको जानकारी ७ दिन भित्र विभाग वा सम्वन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

४) सहकारी संस्थाले आफ्नो सदस्यसँग निक्षेप संकलन गर्दा प्राथमिक पूँजि कोषको बढीमा १० गुणासम्म मात्र संकलन गर्न सक्नेछ ।

५) निक्षेप संकलन गर्दा सम्पत्ति शुद्धीकरण को मापदण्ड लाई अपनाउनु पर्ने छ ।

१०. ब्याँज दर सम्बन्धी व्यवस्था:

नारायण वन
नगर प्रमुख

१) सामान्यतया संस्थाले बचत निक्षेपमा प्रदान गर्ने व्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण प्रचलित बजार दरको आधारमा गर्नुपर्नेछ ।यसरी व्याजदर निर्धारण गर्दा संस्थाले अन्यत्रवाट लिएको ऋणको रकम वा सदस्यहरुको बचत निक्षेपमा दिइने व्याजदर र सदस्यहरुलाई प्रवाह गरिने कर्जा वा ऋणमा लिइने औसत व्याजदरको अन्तर ६ प्रतिशत भन्दा बढी हुने गरी तोक्न पाइने छैन । लिने दिने व्याज दर सहकारी संस्थाहरुको वीचमा रहेको चलन चल्तीको दर भन्दा अधिक भएको पाइएमा बढी लिने दिने गरेको व्याज वापतको रकम सम्वन्धित सदस्यलाई फिर्ता बुझाउनु पर्नेछ ।

२) संस्थाले कर्जा र निक्षेपको व्याज दर निर्धारण गर्दा विभेदकारी व्यवस्था र व्यवहार गर्न पाइने छैन । लिने दिने व्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदवाट संस्थालाई हानी पुऱ्याईएको रकम संचालकहरुवाट असूल उपर गरिनेछ ।

३) विभिन्न नामको निक्षेपमा दिइने व्याज दर र विभिन्न कर्जामा लिइने व्याज दरको अन्तर ३ प्रतिशत भित्र कायम राख्नु पर्नेछ । तर नेपाल सरकारवाट प्राप्त ऋणमा सरकार र संस्थाको आपसी सहमति/समझदारी वमोजिम हुनेछ ।

४) निक्षेप र कर्जाको व्याजदर अनिवार्य रुपले संचालक समितिबाट निर्णय गराई लागू गर्नु पर्नेछ ।

५) व्याजदर परिवर्तनको सूचना शेयर सदस्यहरुको जानकारीका लागि सार्वजनिक रुपमा एक पटक प्रकाशित गर्न सकिनेछ ।

६) कर्जामा सम दर तथा चक्रवृद्धि व्याज लगाउन पाइने छैन ।

७) विभिन्न किसिमका बचतमा दिइने व्याज दर साधारण सभाले स्वीकृत गरेको बचत नीति अनुसार हुनेछ ।

**११. निक्षेप संकलन, ऋण लगानी र व्याज सम्बन्धी जानकारी पेश गर्नु पर्ने:**

१) संस्थाको संचालक समितिले बचत निक्षेप, ऋण लगानी व्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त, प्रक्रिया तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

२) संस्थाले निर्धारण गरेको व्याजदरको विवरण समय समयमा सम्बन्धित कार्यालयले माग गरेको समयमा पेश गर्नु पर्नेछ । संस्थाले परिवर्तन गरेको व्याजदर जानकारीका लागि संस्थाको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**१२. लेखा राख्ने प्रणाली:** संस्थाका सदस्यहरु वीच लाभांश वितरण प्रयोजनको लागि नगद आधारमा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधारमा कारोवारको लेखा राख्नु पर्नेछ । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्च लेखी व्याज मुल्तवी हिसावमा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ । तर यस भन्दा अगाडि यो दफा पालना नगरेका संस्थाहरुले २०७६ आषढ मसान्तभित्र समायोजन गरि सक्नु पर्नेछ ।

**१३. ऋण लगानीका लागि प्रक्रिया तथा सीमाहरु**

१) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पुंजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

३) सामन्यतया कुनै सदस्यले लिएको ऋणको सावा र व्याज भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण लगानी गर्न पाइने छैन । विशेष परिस्थितिमा कारण खुलाई संचालक समितिको निर्णयले ऋण संझौता पुनरावलोकन गरी वा अल्पकालीन रुपमा थोरै रकम लगानी हुने गरी ऋण दिन सकिनेछ ।

स्पष्टिकरण: यस दफाको प्रयोजनका लागि कूल पुंजीकोष भित्र जम्मा शेयर रकम, जगेडा कोष, बाँडफाँड नगरेको लाभांश, कर्जा जोखिम व्यवस्था, डुवन्त/ऋण कोष, स्थिरीकरण कोष र घाटापूर्ति कोषको रकमलाई जनाउने छ ।

नारायण दत्त
नगर प्रमुख

४) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धितो जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्ने छ । तर संस्थाले जेथा जमानी नभएका सदस्यहरुलाई कुनै वा केही सदस्यहरुको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत नीति बमोजिम विना धितो लघुऋण लगानी गर्न बाधा पर्ने छैन ।

५) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मूल्यांकन प्रक्रिया, ऋण उपसमितिको सिफारिस वा स्विकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नु पर्नेछ ।

६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको जेथा धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ ।

७) संस्थाबाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको बढीमा ८० प्रतिशत अंश संस्थाबाट र घटीमा २० प्रतिशत अंश ऋणी सदस्यको स्व-पूँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरुलाई घरजग्गा खरीद गर्न ऋण दिनु पर्ने भएमा कुल मूल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ । संस्था वा संघ वा बैंकले कुल ऋण लगानीको २५ प्रतिशतमा नबढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ ।

८) नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोबार गर्ने स्वीकृति लिएका संस्थाहरुको हकमा ऋण नोक्सानी कोष लगायतका व्यवस्थामा नेपाल राष्ट्र बैंकले तोके बमोजिम शर्त पालना गर्न यस मापदण्डले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

९) रु. १० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्यांकनकर्ताहरुबाट र अन्यमा कुनै एक संचालक, ऋण उप समिति सदस्य र व्यवस्थापक वा व्यवस्थापकले खटाएको ऋण अधिकृत सहितको सामुहिक टोलीले मूल्यांकन गर्नु पर्नेछ ।

१०) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन ।

११) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रुपमा तीन(३) महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ ।

१२) साधारण सभाको स्वीकृतिमा कर्जा प्रवाह सम्वन्धी प्रशासनिक खर्चका लागि बढीमा १ (एक) प्रतिशतसम्म व्यवस्थापन शुल्क लिने बाहेक कर्जा प्रवाहको नाममा अन्य कुनै शुल्क लिएको पाइएमा सम्बन्धित सदस्यलाई फिर्ता गराउने र संचालक समितिलाई सचेत गराइनेछ ।

१३) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाव गर्नु पर्नेछ । ब्याँज पूँजिकरण गर्न पाइने छैन ।

१४) धितो वापतको सम्पत्ति संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराइ राख्नु पर्नेछ । संचालक वा अन्य कुनै व्यक्ति नाममा राख्न पाइने छैन ।

## १४. समितिका सदस्यले ऋण लिँदा पालना गर्नुपर्ने मापदण्ड:

१) संस्थाका संचालक तथा लेखा सुपरिवेक्षण समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन । संस्थामा आवश्यकता भन्दा बढी तरलता रहेको अवस्थामा छोटो अवधिको ऋण लगानी गर्न भने यो व्यवस्थाले बाधा पर्ने छैन ।

२) संस्थाको संचालक समिति, लेखा समिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण वार्षिक रुपमा नगर कार्यपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

३) ऋणको वर्गिकरण: संस्थाले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा नेपाल राष्ट्र बैंकबाट सीमति बैकिङ्ग कारोबार गर्ने र राष्ट्रिय सहकारी बैंकको हकमा नेपाल राष्ट्रल बैंकको निर्देशन अनुसार र अन्य संस्थाहरुको हकमा देहाय बमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| १. असल ऋण : | भाखा ननाघेको | १ प्रतिशत |
| २. शंकास्पद ऋण : | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| ३. खराब ऋण : | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

नारायण वन
नगर प्रमुख

१५. पेश्की लिन नपाइने :
१) संस्थाका संचालक, व्यवस्थापक र लेखासमितिका पदाधिकारीहरुलाई काम र पेश्की फछ्र्यौटको समय सिमा नतोकी पेश्की दिन पाइने छैन ।
२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याज सहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

१६. तरलता सम्बन्धी व्यवस्था :
१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५(पन्ध्र) प्रतिशत रकम तरलता राख्नु पर्नेछ । नगद मौज्दात, बैंक मौज्दात, सरकारी ऋण पत्रमा गरिएको लगानी र सहकारी बैंक, सहकारी संघहरु तथा संघमा रहेको निक्षेप रकमलाई तरलताको रुपमा गणना गरिनेछ ।
२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्नेछ ।

१७. संरक्षित पूँजी फिर्ता कोष :
१) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोवारको लेखाको विवरणको आधारमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
२) उपभोक्ता सहकारी संस्था तथा अन्य उत्पादनमूलक सहकारी संस्थाको हकमा संस्थासँग गरेको खरिद तथा बिक्री कारोवार र शेयरबाट संचालित गरि कारोवार गरेको वा अतिरिक्त अन्य कारोवार भए सो समेत जोडी औषत अनुपात रकम निकाली गणना गर्नु पर्नेछ ।

१८. **लाभाशं वितरणमा प्रतिबन्ध** : सहकारी संस्थाले संस्थाको अघिल्लो वर्ष सम्मको खुद संचित नोक्सान पुरा नभएसम्म सदस्यहरुलाई लाभांश बाड्न पाइने छैन । ऐनले तोके भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरुलाई लाभांश बाड्न पाइने छैन ।

१९. निष्कृय संघ संस्था :
१) लगातार २(दुई) वर्षदेखि बार्षिक साधारण सभा नगर्ने सहकारी संघ संस्थाहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था नगर कार्यपालिका कार्यालयले मिलाउने छ ।
२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मूल्य र सिद्धान्तहरु, प्रचलित ऐन, नियम र विभागले जारी गरेको निर्देशन एवं मापदण्ड तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संघ/संस्थाहरुलाई नेपाल सरकारबाट उपलब्ध गराइने सेवा सुविधाहरु उपलब्ध गराइने छैन ।
३) २(दुई) वर्ष भन्दा बढि अवधिसम्म बार्षिक साधारण सभा नगर्ने संघ संस्थाहरु निष्कृय संस्थाहरुको सूचीमा समावेश गरिनेछ । यस्तो सूचीमा परेकाहरुको प्रक्रिया पुर्याई दर्ता खारेज गरिनेछ । संस्था खारेजी र विघटनको कार्य कार्यालयले प्रत्येक वर्ष अनिवार्य रुपमा गर्नुपर्नेछ ।

२०. **दर्ता खारेजीको जानकारी गराउने** : कार्यालयले सहकारी संस्थाहरुको दर्ता खारेजी र विघटनको जानकारी सम्बन्धित संघलाई दिनेछ ।

२१. **सहकारी संस्थाहरुको गुणात्मकता वृद्धि सम्बन्धि व्यवस्था** : एकै क्षेत्र वा स्थानमा एकै प्रकृतिका धेरै संस्थाहरु छन भने त्यस्तो संस्थाहरुको एकिकरणलाई प्रोत्साहन गर्न नगर भित्रका दुई वा दुई भन्दा बढी सहकारी संस्थाहरुले एकिकरण गर्न चाहेमा संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरिरहेका कार्यक्षेत्र गाभ्ने गरी एकिकरण स्वीकृति दिन सकिनेछ ।

नारायण बन
नगर प्रमुख

**२३ अनुगमन सम्वन्धि प्रक्रिया र जिम्मेवारी :**

१) कार्यालयले संघ संस्थाको अनुगमन गर्दा अनुसूची १ मा उल्लेख भए बमोजिमको ढाँचाको फारम प्रयोग गर्नु पर्नेछ ।

२) कार्यालयवाट संघ संस्थाको निरिक्षण गर्न आउने कर्मचारीले माग गरेका सम्पूर्ण विवरणहरु उपलब्ध गराउनु संघ संस्थाका पदाधिकारी एवं सम्वन्धित कर्मचारीचको कर्तव्य हुनेछ ।

३) अधिकार प्राप्त सहकारीका सहकारी संघहरुले समेत अनुगमन कार्यमा उपदफा (१) बमोजिमको ढाचाँको फारम उपयोग गर्नु पर्नेछ ।

४) अनुगमनमा संलग्न कर्मचारी वा पदाधिकारीले सो को प्रतिवेदन सम्वन्धित कार्यालयमा काम सम्पन्न भएको मितिले ७(सात) दिन भित्र पेश गरिसक्नु पर्नेछ ।

५) गम्भिर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमनकर्ताले २४(चौवीस) घण्टा भित्र लिखित रुपमा सम्वन्धित प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

६) प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले ७(सात) दिन भित्र सुधारको प्रक्रिया अघि बढाउन सम्वन्धित संस्था, संघलाई लिखित जानकारी दिनु पर्नेछ । सुधार प्रक्रियामा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरुलाई कार्यालयमा उपस्थित गराई सुधारको कार्ययोजना लिने वा अटेर गरेमा कानुनी उपचार र मापदण्ड बमोजिमका कारवाही अघि बढाउने काम प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हुनेछ ।

७) नियमित रुपमा कार्ययोजना बनाई अनुगमनको कार्य संचालन गर्नु पर्नेछ ।

८) अर्ध वार्षिक रुपमा संस्थाहरुको प्रगति समिक्षा गर्नु पर्नेछ ।

**२४. कारवाही सम्बन्धि प्रावधानहरु** : तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गंभिर प्रकृतिका त्रुटिहरु वा अनियमित कारोवारका लागि देहाय बमोजिमको कारवाही हुनेछ ।

क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोवार रोक्का गरिनेछ ।

ख) शेयर सदस्यहरुलाई नियमानुसार दिन सकिने लाभांश बाहेक अन्य वितरण गरि अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा लाभांश बाहेकको रकम संचालक समितिका पदाधिकारीहरुवाट दामासाहिका दरले असुल उपर गरि संस्थाको कोषमा दाखिला गराईनेछ ।

ग) वार्षिक दुई करोड भन्दा माथिको वार्षिक कारोवार गर्ने संस्थाको कार्यकारी प्रमुख लगायतका पदमा संचालक समिती तथा पदाधिकारी रही सहकारी ऐन विपरित पारिश्रमिक लिएको पाईएमा सो रकम असुल उपर गरि संघ संस्थाको कोषमा दाखिला गराइनेछ । तोकिए बमोजिमको समय भित्र रकम दाखिला नगरेमा संस्थाले साँवा र व्याज समेत असुल उपर गर्नेछ ।

घ) कार्यकारी प्रमुख लगायत कर्मचारीको पारिश्रमिक निर्धारण गर्दा संचालक समितिबाट निर्णय गरि साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनुमोदन सम्वन्धि विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असुल उपर गर्नु गराउनु पर्नेछ ।

ङ) प्रचलित कानुन र विभागबाट जारी मापदण्डहरु पालना नगरेको पाईएमा संस्था वा संघले प्राप्त गर्ने सुविधाहरु रोक्का गरिनेछ ।

च) कार्यक्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसँग कारोवार गर्ने संस्थाको बैंक खाता रोक्का गर्ने, सार्वजनिक सूचना प्रकाशित गरि सर्वसाधारणलाई यस्ता संस्थासँग कारोवार नगर्न सजग गराउने, अनियमितता गरेको सूचना सार्वजनिक गर्ने र प्रचलित कानुन बमोजिम थप कारवाही गरिनेछ ।

छ) बचत/निक्षेप वापत संकलित रकम अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

**२५. विज्ञापन मार्फत सदस्यता विस्तार गर्नमा प्रतिबन्ध** : संस्थाले सार्वजनिक रुपमा उपहार योजना राखि वा आकर्षक विज्ञापन गरि शेयर बिक्री, बचत संकलन र ऋण प्रवाह गर्न पाउने छैन । यस मापदण्डको

नारायण बन
नगर प्रमुख

प्रतिकूल हुने गरि विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रशारण गरेमा प्रचलित कानुन बमोजिम ठगीको कसुरमा कारवाही हुनेछ । तर संस्थाको महत्वपूर्ण निर्णय, क्रियाकलाप र गतिविधिका वारेमा सदस्यहरु तथा आम नागरिकलाई जानकारी गराउन सूचना तथा श्रव्य दृश्य प्रकाशन तथा प्रशारण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन । सहकारी सम्वन्धि जनचेतना अभिवृद्धि हुने गरि प्रशारण वा प्रकाशन गर्ने सहकारी जागरण सम्वन्धि नियमित पत्रपत्रिका, रेडियो र टेलिभिजनका कार्यक्रम संचालनमा सहयोग गर्न वाधा पर्ने छैन ।

२५. **कारोवार रोक्का राख्न सकिने** : सहकारी सिद्धान्त, सहकारी ऐन, नियम, प्रचलित कानुन र यो मापदण्ड, परिपत्र र निर्देशन पालना नगर्ने संस्था संघको खाता र कारोवार रोक्का राख्न सकिनेछ ।

२६. **कारवाहीका लागि लेखि पठाईने** : देहायका कुनै कार्य वा कार्यहरुलाई सहकारी ऐन, नियम विपरित प्रकरणका रुपमा लिई संचालक समितिका पदाधिकारीहरु र व्यवस्थापकलाई सहकारी ऐन बमोजिम कारवाही गरिनेछ ।

क) गैर सदस्यसँग कारोवार गरेमा वा सदस्य नै नवनाई कारोवार गरेमा ।
ख) कार्यक्षेत्र वाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा ।
ग) यो मापदण्ड जारी भए पछि मापदण्ड विपरित बचत निक्षेपको रकम नीजी व्यवसायमा लगानी गरेमा ।
घ) निजी प्रयोजनका लागि अनधिकृत रुपमा संचालकहरुले कोषको अपचलन गरेमा ।
ङ) साधारण सभा नवोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफूखुशी संचालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा ।
च) सम्वन्धित निकायबाट इजाजत लिइ मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिइ संचालन गरेमा ।
छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सूचना मार्फत सदस्य विस्तार वा कारोवार बढाउने काम गरेमा ।
ज) अनधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा ।
झ) कार्यक्षेत्र वाहिर बसोवास गर्ने व्यक्ति संस्थाको संचालक समिती वा लेखा समितिको पदाधिकारी भएको पाइएमा ।

२७. **आचारसंहिता सम्बन्धि व्यवस्था** :

१) संस्था/संघले सहकारी मूल्य र सिद्धान्तहरु एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्था/संघको पदाधिकारी र सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता तयार गरि लागू गर्नु पर्नेछ ।
२) उपदफा (१) बमोजिम लागू भएको आचारसंहिता संस्था/संघका पदाधिकारी र सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।
३) आचारसंहितामा उल्लेख नभएमा पनि देहायका मापदण्डहरुको पालना गर्नु प्रत्येक व्यक्तिको दायित्व हुनेछ :-
   क) संस्थाका पदाधिकारीहरु अन्य कुनै पनि संस्थाको पदाधिकारीमा वहाल रहन पाउने छैन । एक भन्दा बढी संस्थाको पदाधिकारी भएको पाइएमा संस्थाले त्यस्ता पदाधिकारीलाई तत्कालै निलम्वन गरि सम्वन्धित कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।
   ख) एक व्यक्ति नगर भित्रका समान प्रकृतिका एक मात्र संस्थाको सदस्य भई सहकारीको मूल्य र सिद्धान्त बमोजिम आफ्नो संस्था प्रति प्रतिवद्ध रहनु पर्नेछ । नगर भित्रका एक भन्दा बढि समान प्रकृतिका उही कारोवार गर्ने संस्थामा सदस्य भएको पाइएमा एक भन्दा बढि संस्थाको सदस्यता लिने त्यस्ता व्यक्तिको सदस्यता पछिल्लो पटक सदस्यता दिने संस्थाले खारेज गर्नु पर्नेछ ।

नारायण बन
नगर प्रमुख

२८. सहकारी संस्थाको कार्यालय सम्बन्धि व्यवस्था :
१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नु पर्नेछ ।
२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरु बसोवास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।
३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरुको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाउँमा सार्न कार्यालयले निर्देशन दिन सक्नेछ ।
४) संस्था संघको कार्यालय स्थापना गरेको ७(सात) दिन भित्र कार्यालयको निरिक्षण गर्न नगर कार्यपालिकाको कार्यालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।
५) संस्था संघको कार्यालय सार्नु पर्दा सम्बन्धित कार्यालयको अग्रिम स्वीकृति लिइ मात्र सार्न सकिनेछ ।कार्यालय सरेको सार्वजनिक रुपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नु पर्नेछ , कार्यालय स्थापना भएको स्थान वा कार्यालय सरेको स्थानका बारेमा सम्बन्धित सबै सरकारी कार्यालयहरुलाई लिखित रुपमा ७(सात) दिन भित्र जानकारी गराउनु पर्नेछ ।
६) २००० वा सो भन्दा बढि शेयर सदस्य भएको संस्थाले सदस्य सेवा लाई मध्यनजर राखि सदस्य सेवा केन्द्र खोली सेवा दिनु पर्ने व्यवस्था मिलाउनु पर्ने छ । एकिकरण भई संचालित सहकारीले एकिकरण कार्यविधिको अधिनमा रहि सेवा केन्द्र संचालन गर्न सक्नेछन ।

२९. साइन बोर्ड राख्ने सम्बन्धि व्यवस्था :
१) प्रत्येक संस्था/संघले दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्वर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईन बोर्ड लेखी संस्था/संघको कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।
२) सहकारीको साइन बोर्डमा एकरुपता ल्याउनको लागि राष्ट्रिय सहकारी महासंघले निर्णय गरे अनुसार साइन बोर्डको रंग हल्का हरियोमा सेतो अक्षरले लेखिएको वा विषयगत केन्द्रिय संघले तोकेबमोजिम हुनुपर्नेछ ।

३०. सदस्य बडापत्र सम्बन्धि व्यवस्था : संस्था/संघको कार्यालयमा सबैले देखिने गरि सदस्य वडापत्र राख्नु पर्नेछ ।

३१. कारोवारको लेखा अध्यावधिक रुपमा राख्ने र मासिक विवरण कार्यालयमा पठाउने :
१) सहकारी संस्थाले आफ्नो सम्पूर्ण कारोवार तथा संस्थागत विवरण, सूचना र तथ्यांकहरु सहकारी तथा गरिवि सम्बन्धि व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा प्रविष्टि गरि अध्यावधिक गर्नु पर्नेछ ।
२) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरि राख्नु पर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरुको जानकारीको लागि संघ संस्थाको कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।
३) सहकारी संस्थाहरुले अनुसूची-२ बमोजिमको ढाचाँमा प्रत्येक महिना भुक्तान भएको मितिले ७(सात) दिन भित्र विवरण पेश गर्नु पर्नेछ । जरिवाना सम्बन्धि व्यवस्था रत्ननगर नगरपालिकाको सहकारी संघ संस्थाको जरिवाना सम्बन्धि व्यवस्था लागू भएको अनुसार हुनेछ ।

३२. सूचना प्रशारण गरिने :
कुनै संस्था/संघका समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानुन यो मापदण्ड वा थप निर्देशन,स्वीकृत विनियम र सहकारीका सिद्धान्त र मूल्यहरु विपरितका काम कारवाही गरेको पाइएमा सोको विवरण सहित संचालकलाई समय सीमा सहित काम/कारवाही र कारोवार सच्याउन दिएको

नारायण बन
नगर प्रमुख

निर्देशन कार्यान्वयन नभएमा रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक सूचना संचार माध्यमबाट सम्वन्धित सबैलाई जानकारी गराई सुचित वा सचेत गराउन सक्नेछ ।

३३. **सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शिता अपनाउनु पर्ने :** सहकारी संस्थाले अचल सम्पत्ति खरिद वा विक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरिद विक्री प्रकिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरुको गुनासो नआउने गरि पारदर्शिताको प्रणाली अवलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शी प्रक्रिया अवलम्वन गरे नगरेको साथै प्रचलित मूल्यबाट घटी बढी गरि संस्थाको अहित गरे नगरेको बारेमा अनुगमन गरी नगर कार्यपालिका कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

३४. **संस्था संचालनका क्रममा सहकारी सम्बन्धि अभिमुखिकरण तालिम लिनु पर्ने :**

१) सहकारी संस्थाहरुले यो मापदण्ड लागू भएको ६(छ) महिना भित्र वार्षिक रुपमा समितिका पदाधिकारीहरु तथा शेयर सदस्यको सहभागीता हुने गरि, सहकारी सचेतना, संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धि तालिम लिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको तालिम लिए नलिएको विवरण सम्बन्धित कार्यालयले माग्न सक्नेछ । यस सम्बन्धमा कार्यालयले दिएको निर्देशनको पालना गर्नु सबै संस्थाहरुको दायित्व हुनेछ ।

३५. **नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्ने :**

१) बचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संघ संस्थाले आफ्नो कार्यालयमा रहने न्युनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोवार काउन्टरको विमा गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम विमा गरिएको भन्दा बढी रकम कार्यालयमा मौज्दात राख्न पाईने छैन ।

३) नगद रकम बैंकमा जम्मा नगरी नगदै कारोवार गर्ने र कुनै संचालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

३६. **बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु :**

क) वासलात बाहिरको कारोवारहरु (जस्तै प्रतितपत्र ,जमानत आदि) ।

ख) सदस्यहरुलाई अधिविकर्ष कर्जा प्रवाह ।

ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद विक्रि तथा संचालकहरुको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी ।

घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक विना सुरक्षणमा कर्जा प्रवाह ।

ङ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखि कर्जा प्रवाह ।

च) चल्ति खाता संचालन गर्ने ।

छ) एकमुष्ट ३(तीन) बर्ष भन्दा बढी अवधिको आवधिक निक्षेप स्वीकार गर्ने ।

ज) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

झ) चिठ्ठा तथा उपहार योजना संचालन ।

ञ) कार्यक्षेत्र बाहिरका र सदस्य बाहेकका व्यक्ति तथा निकायसँगको कारोवार ।

३७. **सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयन :**

१) वित्तिय कारोवार गर्ने सहकारीका संघ संस्थाहरुले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६ मा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

२) वित्तिय कारोवार गर्ने संस्था संघले आ ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ ।

नारायण वन
नगर प्रमुख

३) नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रुपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तिय कारोवार गर्ने सहकारी संस्था, संघ र वैंकले संचालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

४) यस सम्वन्धमा सम्वन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरु उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सवै संस्था/संघको कर्तव्य हुनेछ ।

**३९. सहकारीका सिद्धान्त र मुल्य :**

१. अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको र विश्वव्यापि रुपमा प्रयोगमा ल्याइएका सहकारीका सिद्धान्त र मूल्यहरुको पालना गर्नु सवै संस्था, संघका निर्वाचित तथा नियुक्त पदाधिकारीहरु एवं प्रत्येक सदस्यहरुको प्रमुख कर्तव्य हुनेछ । सहकारीका सिद्धान्त र मूल्यहरुको प्रयोगका लागि निरन्तर रुपमा आफ्ना सदस्यहरुलाई जानकारी दिने गरि सचेतनाका कार्यक्रमहरु संचालन गर्नु सहकारीका जिम्मेवारी हुनेछ ।

२. सहकारी संघ संस्थाका संचालक समितिले यस मापदण्डमा गरिएको व्यवस्थाहरुको पालनाका लागि मापदण्ड जारि भएपछि बस्ने साधारण सभामा विनियम संसोधनका लागि प्रस्ताव पेश गरि पारित गराई कार्यान्वयन गराउनु पर्नेछ । साधारण सभाबाट विनियम परिमार्जन नगरेमा विनियममा गरिएको व्यवस्थाहरु यस मापदण्डसंग बाझिएका मापदण्डका आधारमा विवादको निराकरण गरिनेछ ।

**४०. विनियम संशोधन नगरिने :**

१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन ।

२) साधारण सभामा विनियम संशोधन वा विनियम पुर्नलेखन प्रस्ताव गर्नु पूर्व सम्वन्धित कार्यालयबाट प्रचलित कानुन, सहकारी मापदण्ड र निर्देशन बमोजिम भए नभएको बारेमा सैद्धान्तिक सहमति लिनुपर्नेछ । पूर्व सहमति नलिइ गरिएको विनियम संशोधन वा विनियम पुर्नलेखन प्रचलित कानुन, विभागले जारी गरेको मापदण्ड र निर्देशन बमोजिम नभए प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले सो प्रावधान अस्वीकृत गर्न सक्नेछ ।

**४१. संस्था वा संघ एकिकरण सम्बन्धी व्यवस्था :** सहकारी ऐन बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरुको एकिकरण गर्दा देहाय बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

१) एकिकरण हुन चाहने सम्वन्धित संस्थाको साधारण सभाको बहुमतबाट संस्था एकिकरण गर्ने सम्वन्धमा निर्णय गर्ने र निर्णयमा देहायका विषयहरु समावेश हुनु पर्नेछ ।

क) एकिकृत संस्थाको नाम एकिकृत हुने संस्था मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

ख) एकिकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो को एकिन गर्ने । कार्य क्षेत्र एकिन गर्दा मापदण्डमा रहेको व्यवस्थाको अनुसरण गर्ने ।

ग) कुन कुन संस्थासंग एकिकरण गर्ने हो सो उल्लेख गर्ने ।

घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

ङ) सम्वन्धित संस्थाको शेयर पूँजिको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकममा एकिकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तै : एकिकृत हुने संस्थाहरुको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन ।)

नारायण वन
नगर प्रमुख

च) संस्थाको सम्पत्ति एकिकृत संस्थामा के/कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्वन्धि विषय ।
छ) समिति उपसमिती र कर्मचारीको व्यवस्थापन सम्वन्धमा निर्णय गर्नु पर्ने ।
ज) अन्य आवश्यक विषय ।

४४. विविध :
१) यस मापदण्ड प्रचलित ऐन,नेपाल सरकारको संघीय कानुन तथा प्रादेशिक कानुनको विधि, नियमावली तथा कार्यविधिसंग तादम्यता हुने गरि तयार गरिनेछ ।
२) उपदफा (१) अनुसार तयार गर्दा वा कुनै कारणले प्रावधानहरु बाझिएमा बाझिएका विषयहरु समायानुकुल संसाधोन गरिनेछ ।

अनुसूची-१
दफा २३(१) संग सम्वन्धित
अनुगमन फारम

१) सहकारी संस्थाको नाम :-
२) दर्ता नं :- मिति :- दर्ता भएको कार्यालय :-
३) ठेगाना :-
४) शेयर पूंजी :- (प्रति शेयर रु :- )
५) कार्यक्षेत्र :-
६) संचालक समितिको सदस्य संख्या :- कार्यकाल :- बर्ष (बैठक भत्ता :- रु. )
७) कर्मचारी संख्या :- (बजार प्रतिनिधि :- ) नियुक्ति दिए/नदिएको :-
८) सफट्वेयर :-
९) शेयर सदस्य संख्या :-

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|

१०) निक्षेप/बचतकर्ताहरुको संख्या :-

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|

११) ऋणीहरुको संख्या :-

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|

१२) संस्थाको प्रारम्भिक साधारण सभा भएको मिति :-
कुल सदस्य संख्या :-
उपस्थित सदस्य संख्या :-
पछिल्लो साधारण सभा भएको मिति :-
कुल सदस्य संख्या :-
उपस्थित सदस्य संख्या :-
पछिल्लो संचालक समिति निर्वाचन मिति :-
निर्वाचन उप समितिको चयन :-
साधारण सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रकृया :-
१३) संस्थाले तयार पारेको कार्य संचालन नियमावलीहरु, नीतिहरु, कार्यविधिहरु :-
............................................................................................................
............................................................................................................
............................................................................................................
१४) संस्थाले गठन गरेको उप समितिहरु :-

नारायण बन
नगर प्रमुख

१५) पछिल्लो साधारण सभाबाट पारित भएका मुख्य विषयहरु :-

१६) संस्थाको वर्तमान कर्जा प्रकृति वा किसिमहरु (व्याजदर सहित ) :-

| शिर्षक | दर | शिर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१७) संस्थाको वर्तमान निक्षेप/बचतका प्रकारहरु (व्याजदर सहित ) :-

| शिर्षक | दर | शिर्षक | दर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१८) निम्न कारोवारहरु गरे नगरेको :- सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता,ओ.डी.कर्जा,आफ्नै शेयरको सुरक्षणमा ऋण लगानी,घर जग्गा किनवेच :-

१९) ऐन नियममा तोकिए बमोजिमका सम्वन्धित कार्यालयमा पठाउने गरेको विवरणहरु :-

२०) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे नगरेको :-
२१) शेयर पुँजीको बढिमा १८ प्रतिशत लाभाँस वितरण गरे नगरेको :-
२२) संस्थाले कुनै प्रकारको चन्दा,आर्थिक सहयोग प्रदान गरे नगरेको :-
२३) एउटै लेखापरीक्षक लगातार ३(तीन) पटक भन्दा बढी नियुक्ति भएको छ छैन ?
२४) संस्थाको कुल चुक्ता शेयरपूँजीको २० प्रतिशत भन्दा वढि एउटै व्यक्ति वा निकाय विशेष (सरकारी समेत) लाई शेयर विक्रि भएको छ छैन ?
२५) संस्थाले कर्जामा लिने सेवा शुल्क लगागतका अन्य अतिरिक्तरकमहरु:
२६) संस्थाको निक्षेप र कर्जा वीचको औसत व्याजदर अन्तर:...
२७) कर्जा र सापटमा पाकेको व्याज नगद प्राप्ती **Cash Basis** को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने व्याज **Accural Basis** मा लेखाँकन गरेको छ/छैन।
२८) संस्थाको कुल पूजी कोषको १० प्रतिशत भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको छ छैन
२९) बचत तथा ऋण निती तयार गरे नगरेको
३०) संचालक र लेखा समिती सदस्यका उम्मेदवरहरुले मनोनयनका साथमा शेयर प्रमाण पत्रको प्रतिलिपी कार्यक्षेत्र भित्र स्थायी बसोबास गरेको प्रमाण पत्र संस्था सँग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालो सूचीमा नपरेको स्व- घोष्णा आदि कागजात पेश गरे नगरेको
३१) संचालक समिती निर्वाचित भएको मितिले १५ दिन भित्र संचालकहरुको फोटो र तिन पुस्ते सहितको २ प्रति विवरण पेश नगरेको

नारायण बन
नगर प्रमुख

३२) संस्था ऋण उपसमितिको सिफरीसमा ऋण लगानी गरे नगरेको :
३३) सदस्यहरुलाई कारोवारी साधारण संस्थापक भनि विभेद गरें नगरेको :
३४) साधारण सभा सम्पन्न भएको १५(पन्ध्र) दिनभित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निणर्यको प्रतिलिपी, सदसयहरुको उपस्थिति विवरण कार्यलयमा पेश गरे नगरेको :
३५) तोकिए बमोजिम कर्जा नोक्सानी व्यवस्था गरे नगरेको :
३६) संचालक समिती लेखा समिती ऋण उप समिती सदस्यहरुले संस्थावाट लिएको कर्जाको विवरण चौमासिक रुपमा सम्वन्धित कार्यलयमा पेश गरे नगरेको :
३७) संस्था दर्ता हुँदा बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नु पर्ने पालना भएनभएको :
३८) विनियमको परिधी भिध रही विभिन्न कोषहरुमा रकम बाँडफाँड गरेको छ छैन:
३९) संचालकहरुले संस्थावाट उपभोग गरिरहेको वित्तिय तथा अन्यसुविधाहरु :
४०) संस्थावाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु भितो मूल्याँकन लगायतका अन्य प्रक्रियाहरु :-
४१) पछिल्लो आन्तरिक र वाह्य लेखा परिक्षकहरुका मूल कैफियत :-
४२) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिएको छ र ? र कसरी दिएको छ?
४३) कर्जा र निक्षेपको व्याजदर परिवर्तन भएको सूचना सदस्यहरुलाई कसरी दिईन्छ ।
४४) संस्थाको प्रचलित विनियम वमोजिम संचालक समितिको बैठक बस्ने गरे नगरेको
४५) संस्थालें साधारण जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे नगरेको
४६) संस्थाले कर्जा प्रवाह,निक्षेप संकलन र शेयर विक्रिका लागि विज्ञापन गर्ने गरे नगरेको
४७) नगद रकमको ढुकुटी, काउन्ट तथा मार्गस्थ वीमा गरे नगरेको ( गरेको भए वीमा रकम र म्याद ):-
४८) नगदको विवरण खुल्ने **Cash Book, Day book** राख्ने गरे नगरेको नगदको जिम्मेवारी बाँडफाँड गरे नगरेको, ढेकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सोको विवरण राख्ने गरे नगरेको
४९) संस्था समानान्तर सहकारी संस्थाहरुसँग शेयर निक्षेप कर्जा /सापटी कारोवार गरेको भए त्यसको विवरण :
५०) संस्थाका वर्तमान संचालकहरु समानान्तर सहकारी संस्था बैंक तथा वित्तिय संस्थाको संचालक पदमा समेत वहाल भएको भए त्यसको विवरण :-

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आकिरीक व्यक्ति /व्यक्तिहरुसँग संकलन भएको हो भनि

सहिगर्ने आधिकारीक व्यक्तिको नाम :
हस्ताक्षर:

निरिक्षण टोलीको नाम पद हस्ताक्षर

१
२
२
४
५

मिति:

नारायण बन
नगर प्रमुख

३२) संस्था ऋण उपसमितिको सिफरीसमा ऋण लगानी गरे नगरेको :

३३) सदस्यहरुलाई कारोवारी साधारण संस्थापक भनि विभेद गरें नगरेको :

३४) साधारण सभा सम्पन्न भएको १५(पन्ध्र) दिनभित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निणर्यको प्रतिलिपी, सदसयहरुको उपस्थिति विवरण कार्यलयमा पेश गरे नगरेको :

३५) तोकिए बमोजिम कर्जा नोक्सानी व्यवस्था गरे नगरेको :

३६) संचालक समिती लेखा समिती ऋण उप समिती सदस्यहरुले संस्थावाट लिएको कर्जाको विवरण चौमासिक रुपमा सम्वन्धित कार्यलयमा पेश गरे नगरेको :

३७) संस्था दर्ता हुँदा बखतका वाहेक अन्य सदस्यहरुका हकमा सदस्य वनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नु पर्ने पालना भएनभएको :

३८) विनियमको परिधी भिध रही विभिन्न कोषहरुमा रकम बाँडफाँड गरेको छ छैन:

३९) संचालकहरुले संस्थाबाट उपभोग गरिरहेको वित्तिय तथा अन्यसुविधाहरु :

४०) संस्थावाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु भितो मूल्यांकन लगायतका अन्य प्रक्रियाहरु :-

४१) पछिल्लो आन्तरिक र वाहृय लेखा परिक्षकहरुका मूल कैफियत :-

४२) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिएको छ र ? र कसरी दिएको छ?

४३) कर्जा र निक्षेपको व्याजदर परिवर्तन भएको सूचना सदस्यहरुलाई कसरी दिईन्छ ।

४४) संस्थाको प्रचलित विनियम बमोजिम संचालक समितिको बैठक बस्ने गरे नगरेको

४५) संस्थालें साधारण जगेडा कोष वाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे नगरेको

४६) संस्थाले कर्जा प्रवाह,निक्षेप संकलन र शेयर बिक्रिका लागि विज्ञापन गर्ने गरे नगरेको

४७) नगद रकमको ढुकुटी, काउन्ट तथा मार्गस्थ वीमा गरे नगरेको ( गरेको भए वीमा रकम र म्याद ):-

४८) नगदको विवरण खुल्ने **Cash Book, Day book** राख्ने गरे नगरेको नगदको जिम्मेवारी बाँडफाँड गरे नगरेको, ढेकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सोको विवरण राख्ने गरे नगरेको

४९) संस्था समानान्तर सहकारी संस्थाहरुसँग शेयर निक्षेप कर्जा /सापटी कारोवार गरेको भए त्यसको विवरण

५०) संस्थाका वर्तमान संचालकहरु समानान्तर सहकारी संस्था बैंक तथा वित्तिय संस्थाको संचालक पदमा समेत वहाल भएको भए त्यसको विवरण :-

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आकिरीक व्यक्ति /व्यक्तिहरुसँग संकलन भएको हो भनि

सहिगर्ने आधिकारीक व्यक्तिको नाम :

हस्ताक्षर:

निरिक्षण टोलीको नाम पद हस्ताक्षर

१

२

३

४

५

मितिः

नारायण बन
नगर प्रमुख